**आकाशवाणी समाचार- नेपाली**

मितिः ०८ नोभेम्बर २०२४

समयः १६:५० - २०:०० बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

**१.** भाजपाका वरिष्ठ नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले आज महाराष्ट्रको नासिकमा चुनावी र्‍यालीलाई सम्बोधन गर्नु भयो।

**२.** गृहमन्त्री अमित शाहले भन्नुभयो महाराष्ट्रका जनताले आगामी विधानसभा चुनावमा भाजपा-शिवसेना-एनसीपी गठबन्धनलाई मतदान गर्ने विश्वास दिलाएको छ।

**३.** बिहारमा छठ पूजा पछि फर्कने यात्रुहरूको भीडलाई नियन्त्रण गर्न, पूर्वी मध्य रेलवेले आगामी 15 दिनमा 446 विशेष ट्रेनहरू चलाउनेछ।

**४.** भाजपाले आज विपक्षी दलहरूले संविधानको अवहेलना र देशको लोकतान्त्रिक संस्थाहरूलाई दमन गरेको आरोप लगाएको छ।

र

**५.** 2024 सरकारले वाणिज्य न्यायलय संशोधन विधेयक २०२४ का लागि जनतासँग सुझाव र प्रतिक्रिया मागेको छ।

**पीएम-महाराष्ट्र चुनावी अभियान**

भाजपाका वरिष्ठ नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले आज भन्नुभयो केन्द्रमा राष्ट्रिय लोकतान्त्रिक गठबन्धन-एनडीए सरकार र राज्यमा महायुती सरकार वन्चितवर्गको कल्याणको लागि प्रतिबद्ध छ। महाराष्ट्रको नासिकमा चुनावी र्‍यालीलाई सम्बोधन गर्दै, श्री मोदीले भन्नुभयो राज्यका 50 लाख महिलाहरूले उज्ज्वला योजना अन्तर्गत नि: शुल्क एलपीजी जडान पाएका छन्, र 1 करोड 25 लाख भन्दा बढी घरहरूले हर घर जल योजना अन्तर्गत पाइप जडान गरेका छन्। उहाले राज्यमा सात करोड भन्दा बढी वन्चित जनताले निःशुल्क राशन पाइरहेका छन्, र प्रधानमन्त्री आवास योजना अन्तर्गत सात लाख भन्दा बढी पक्कि घरहरू निर्माण गरिएको छ।किसानहरूका लागि महाराष्ट्रमा केन्द्र सरकार र महायुती सरकारका योजनाहरूको बारेमा बोल्दै, श्री मोदीले भन्नुभयो उनीहरूले पीएम किसान योजना र नमो शेत्करी योजना अन्तर्गत वार्षिक १२,००० रुपैयाँ आर्थिक सहायता पाइरहेका छन्। उहाले महायुती गठबन्धन सत्तामा आएमा यो सहयोगलाई वार्षिक १५ हजार पु¥याउने वाचा गर्नु भयो । उहाले इथानोल मिश्रण र प्याज खरिदमा सुधार जस्ता विभिन्न पहलहरू पनि प्रकाश पार्नुभयो जुन सरकारले किसानहरूको हितमा कार्यान्वयन गरेको छ।
अटल सेतु, वाधवान बन्दरगाह, समृद्धि महामार्ग र मुम्बई मेट्रो जस्ता पूर्वाधार परियोजनाहरूलाई सरकारको उपलब्धिको रूपमा वर्णन गर्दै, मोदीले यी परियोजनाहरू रोक्नको लागि विपक्षी महाविकास अघाडी गठबन्धनलाई आक्रमण गर्नुभयो। उहाले आफ्नो सरकारले मराठी भाषालाई शास्त्रीय भाषाको दर्जा दिएको बताउनुभयो । यसअघि आज श्री मोदीले धुलेमा चुनावी सभालाई पनि सम्बोधन गर्नु भएको थियो। महाराष्ट्रमा नोभेम्बर 20 मा विधानसभा चुनाव हुनेछ र नोभेम्बर 23 मा मतगणना हुनेछ।

****** ० ******

**दिल्ली-सीबीआई**

केंद्रीय अन्वेषण ब्यूरो-सीबीआईले दिल्ली शहरी आश्रय सुधार बोर्डको कानूनी अधिकारीलाई 5 लाख रुपियाँको घुस लिएको आरोपमा पक्राउ गरेको छ| सीबीआईले बताए अनुसार यस मामिलामा निजी व्यक्ति अनि अन्य अज्ञात व्यक्तिसहित दुइ आरोपि बिरुद्ध मामिला दर्ता गरिएको छ| एजेंसीले जांचको समय आरोपिहरुको आवासीय परिसरमा पनि खोजि चलाउदा तीन करोड़ 79 लाख रुपिया अनि अन्य संपत्तिको दस्तावेज बरामद गरेको छ।

****** ० ******

**पायलट रन**

केन्द्रीय श्रम तथा रोजगार मन्त्री मनसुख मण्डवियाले कर्मचारी पेन्सन योजना अन्तर्गत नयाँ केन्द्रीकृत पेन्सन भुक्तानी प्रणालीको पायलट रन पूरा भएको घोषणा गर्नु भएको छ। उहाँले भन्नुभयो, अक्टोबर २०२४ का लागि जम्मू, श्रीनगर र कर्नाल क्षेत्रका ४९ हजार कर्मचारी पेन्सन योजना-ईपीएस पेंशनरहरूलाई ११ करोड रुपैयाँभन्दा बढीको पेन्सन वितरण गरिएको थियो। श्री

मण्डावियाले अक्टोबर २९ र ३० मा पाइलट रन सम्पन्न भएको बताउनु भयो।

**महाराष्ट्र- अमित शाह**

भाजपाका वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले आज भन्नुभयो महाराष्ट्रले गत दुई वर्षमा विकासको लागि गठबन्धन सरकारको प्रतिबद्धता देखेको छ र राज्यका जनताले आगामी विधानसभा चुनावमा भाजपा-शिवसेना-एनसीपी गठबन्धनलाई मतदान गर्नेछन् भन्ने विश्वास दिलाएको छ। सांगली जिल्लाको शिरालामा आयोजित र्‍यालीलाई सम्बोधन गर्दै शाहले महायुती सरकार छत्रपति शिवाजी महाराजको आदर्शलाई पछयाउँदै भारतीय सम्पदा र संस्कृतिको संरक्षण गर्न प्रतिबद्ध रहेको बताउनु भयो। उहाले महायुतीले गरेका सबै चुनावी वाचा पूरा भएको जनताले देखेको र प्रतिपक्षले गरेका वाचा झूटा र काल्पनिक मात्र भएको बताउनु भयो।

****** ० ******

**बिहार रेलवे**

बिहारमा छठ पूजा पछि फर्कने यात्रुहरूको भीडलाई नियन्त्रण गर्न, पूर्वी मध्य रेलवेले आगामी 15 दिनमा 446 विशेष ट्रेनहरू चलाउनेछ। बिहारका यात्रुहरूलाई अन्य सहरहरूमा फर्काउन सहज बनाउन आजदेखि यी विशेष रेलहरू चलाइँदैछन्। आकाशबाणी समाचारसँग कुरा गर्दै, मुख्य जनसम्पर्क अधिकारी (सीपीआरओ) सरस्वती चन्द्रले गत वर्षको तुलनामा यस पटक सोही अवधिमा 70 भन्दा बढी अतिरिक्त रेलहरू चलाइएको जानकारी दिनु भयो।

****** ० ******

**दिल्ली प्रदूषण (क्याप्सुल)**

दिल्लीमा वायु गुणस्तर सूचकांकमा गिरावट जारी छ। केन्द्रीय प्रदूषण नियन्त्रण बोर्डका अनुसार आज राजधानीमा गुणस्तर सूचकाङ्क ३७७ पुगेको छ। बढ्दो वायु प्रदुषणका कारण मानिसहरु स्वास्थ्य सम्बन्धी समस्यामा परेका छन्। यसमा सास फेर्न गाह्रो हुने, आँखामा जलन हुने, घाँटी दुख्ने जस्ता समस्या देखिएको छ।

****** ० ******

**पाकिस्तानमा खतरनाक AQI**

पाकिस्तानमा, पञ्जाब प्रान्तीय सरकारले लाहोर र वरपरका जिल्लाहरूमा हावाको घट्दो गुणस्तरका कारण पार्क, चिडियाखाना, खेल मैदान, ऐतिहासिक स्थलहरू र अन्य सार्वजनिक स्थानहरूमा प्रतिबन्ध लगाएको छ। लाहोरको वायु गुणस्तर सूचकांक (AQI) धेरै क्षेत्रमा 1000 नाघेको अवस्थामा यो निर्णय गरिएको हो, जसले लाहोरलाई विश्वको सबैभन्दा प्रदूषित शहर बनाएको छ। पाकिस्तानको वातावरण संरक्षण एजेन्सी (EPA) पंजाबले वायु प्रदूषणमा भयानक वृद्धि भएपछि यो निर्देशन जारी गरेको हो। नोभेम्बर 17 सम्म सबै विद्यालयहरू बन्द रहने भएको छ। अस्पतालहरुमा श्वासप्रश्वासको समस्या भएका बिरामीको चाप बढेको छ।

****** ० ******

**भाजपा-भारत गठबन्धन**

भाजपाले आज विपक्षी दलहरूले संविधानको अवहेलना र देशको लोकतान्त्रिक संस्थाहरूलाई दमन गरेको आरोप लगाएको छ। नयाँ दिल्लीमा आयोजित पत्रकार सम्मेलनमा भाजपाका प्रवक्ता गौरव भाटियाले भन्नुभयो भाजपाले विकास र सशक्तिकरणको कुरा गर्छ तर भारत गठबन्धनले देशलाई टुक्र्याउने, नकारात्मकता फैलाउने र भ्रष्टाचारलाई बढावा दिन खोजिरहेको छ| श्री भाटियाले आम आदमी पार्टीका नेता अरविन्द केजरीवाल भ्रष्टाचारमा संलग्न रहेको आरोप लगाउनु भयो।

****** ० ******

**सेना प्रमुख-वेस्टर्न**

थल सेनाध्यक्ष जनरल उपेन्द्र द्विवेदीले आज ऑपरेशन संबंधी तैयारिको समीक्षाका लागि चंडी मंदिर, पंचकुलामा पश्चिमी कमान मुख्यालयको भ्रमण गर्नु भएको छ। आफ्नो यात्रा अवधि, जनरल द्विवेदीलाई अधिकारिहरुले कमानको ऑपरेशन, प्रशिक्षण अनि प्रशासनिक पक्षबारे विस्तृत जानकारी दिएका थिए। यस अवधि श्री द्विवेदीले रणनीतिक तैयारिलाई बढाउनका लागि सैन्य

बलको आधुनिकीकरण अनि ऑपरेशनमा रणनीतिक सुधारमाथि प्रकाश पर्नु भयो। जनरल द्विवेदीले तेज अनि अधिक प्रभावी ऑपरेशन क्षमतालाई सुनिश्चित गर्नका लागि उन्नत प्रौद्योगिकिलाई एकीकृत गर्नमा जोड दिनु भयो|

****** ० ******

**वाणिज्य न्यायलय बिल मस्यौदा**

सरकारले वाणिज्य न्यायलय संशोधन विधेयक २०२४ का लागि जनतासँग सुझाव र प्रतिक्रिया मागेको छ । कानुन तथा न्याय मन्त्रालयले हालको वाणिज्य न्यायालय अधिनियम 2015 लाई संशोधन गर्ने तयारी गरिरहेको छ । यो अधिनियम व्यापारिक मामिलाहरूको छिटो, प्रभावकारी र उचित मूल्यमा समाधान सुनिश्चित गर्नको लागि सिर्जना गरिएको हो। मस्यौदा विधेयकमा टिप्पणीहरू नोभेम्बर 22 सम्म ndiac-dla@gov.in मा इमेल मार्फत पठाउन सकिन्छ।

****** ० ******

**जम्मू-कश्मीर-ग्राम रक्षा गार्ड**

हिजो जम्मू कश्मीरको किश्तवाडको उच्च पहाडी क्षेत्रमा गाईवस्तु चराउने क्रममा आतंकवादी हमलामा दुई गाउँ रक्षा गार्डको मृत्यु भएको थियो। खोजी अभियानका क्रममा यी सुरक्षा गार्डहरूको शव नाली नजिक फेला परेको थियो। यी हत्याका लागि जिम्मेवार आतंककारीहरूलाई पत्ता लगाउन व्यापक घेराबन्दी र खोजी अभियान चलाइएको छ।

****** ० ******

**दक्षिण एशिया पर्यटन नेतृत्व फोरम**

श्रीलङ्काका लागि भारतीय उच्चायुक्त सन्तोष झाले विभिन्न क्षेत्रको कनेक्टिभिटीका कारण पर्यटन प्रवद्र्धन भएको बताउँदै मानिसलाई डिजिटल रूपमा जोड्ने काम पनि समावेश भएको बताउनुभएको छ । कोलम्बोमा दक्षिण एसियाली पर्यटन नेतृत्व मञ्चलाई सम्बोधन गर्दै श्री झाले दुई देशलाई जोड्नु भारत र श्रीलंकाबीचको साझेदारीको मुख्य विषय भएको बताउनु भयो| उच्चायुक्तले डिजिटल क्षेत्रमा भारतको विकास निकै महत्वपूर्ण भएको र श्रीलंकाले डिजिटल क्षेत्रमा काम गर्नुपर्ने बताउनु भयो । उहाले श्रीलंकाको पर्यटन क्षेत्रमा भारतको सबैभन्दा ठूलो योगदान रहेको बताउनु भयो| श्रीलंका डिजाइन फेस्टिभलले कोलम्बोमा भारतसँग दक्षिण एसियाली पर्यटन नेतृत्व फोरमको आयोजना गरेको छ। यस कार्यक्रमले पर्यटन व्यवसायीहरूलाई नेटवर्कमा मद्दत गर्नेछ। यसले पर्यटनसँग सम्बन्धित दीर्घकालीन उद्योग विकासलाई प्रोत्साहन गर्नेछ।

****** ० ******

**श्रीलंका प्रदर्शन**

श्रीलंकामा, कोलम्बो पोर्ट सिटीका कर्मचारीहरूले लगभग नौ महिनादेखि तलब नपाएको विरोधमा प्रदर्शन गरिरहेका छन्| आन्दोलनरत केही कर्मचारीले लगभग नौ महिनादेखि तलब नपाएको गुनासो गरेका छन् ।स्थानीय सञ्चारमाध्यमका अनुसार कर्मचारीहरूले भुक्तानीका लागि गरेको अपीललाई निरन्तर बेवास्ता गर्रिँदै आएको बताएका छन्|

****** ० ******